आज मिति २०७८/५/१३ गते आईतबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा बसि तपसिलका प्रस्तावहरूमा छलफल गरि देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

<u>तपसिल</u>

| | | |
|---|---|---|
| १. | श्री निमबहादुर के.सी. | अध्यक्ष |
| २. | श्री टीका शर्मा वली | उपाध्यक्ष |
| ३. | श्री अमृत खडका | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ४. | श्री कविकुमार चन्द | सदस्य |
| ५. | श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| ६. | श्री सेतिराम रोकाहा | सदस्य |
| ७. | श्री चन्द्रबहादुर रावत | सदस्य |
| ८. | श्री राम बहादुर के.सी. | सदस्य |
| ९. | श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| १०. | श्री सन्ताराम कामी | सदस्य |
| ११. | श्री अमृता कामी | सदस्य |
| १२. | श्री मञ्जु शाही | सदस्य |
| १३. | श्री जुना मल्ल चन्द | सदस्य |
| १४. | देवी खत्री | सदस्य |
| १५. | श्री धनीराम नेपाली | सदस्य |
| १६. | मधुसुदन के.सी. | पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा |
| १७. | शेरप्रसाद ढकाल | शिक्षायूवा तथा खेलकुद शाखा प्रमुख |
| १८. | दिपक कवर | आर्थिक प्रशासन शाखा प्रमुख |
| १९. | सन्देश के.सी. | कम्प्यूटर अपरेटर |
| २०. | राजकुमार वली | रोजगार संयोजक |

**प्रस्तावहरु**

१. मासुगार खोलाको पुलमा रेलिङ राख्ने सम्वन्धमा,

२. आधारभूत स्वास्थ्य सेवा केन्द्र झ्यारिवाङमा कार्यालय सहयोगी तथा सेवा सञ्चालन प्रतिस्प्रधाबाट बनाउने सम्वन्धी निवेदन उपर जानकारी सम्वन्धमा,

३. ठेक्का म्याद सम्वन्धमा,

४. सामुदायिक कृषि प्रसार केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ सम्वन्धमा,

५. सामुदायिक कृषि प्रसार केन्द्र स्थापना सम्वन्धमा,

६. प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन सम्वन्धमा,

७. शिक्षा समितिका निर्णय अनुमोदन सम्वन्धमा,

८. बिज्ञापन सम्वन्धमा,

९. घाटा बजेटको अवस्था जानकारी गराउने सम्वन्धमा,

१०. मोटरसाईकल नामसारी सम्वन्धमा

११. रकमान्तर सम्वन्धमा

१२. भुक्तानी दिन बाँकी छुट कच्चाबारी विवरण ।

१३. हेलिप्याड निर्माण खर्च सम्वन्धमा ।

१४. छानविन समिति गठन गर्ने सम्वन्धमा

१५. पञ्जिकरण शाखामा कर्मचारी थप्ने सम्वन्धमा

१६. ढुंगा गिट्टी वालुवा उत्खनन् तथा निकासी सम्वन्धमा

१७. नवीकरणीय/वैकल्पिक उर्जा प्रविधि जडान (बायोग्यास, सुधारिएको चुलो, सौर्य उर्जा) सम्वन्धमा

१८. जग्गा प्राप्तीको लागि सूचना प्रकाशन सम्वन्धमा,

१९. खरिद इकाई समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

**निर्णयहरु**

१. **नि.नं. १-** प्रस्ताव नं. १ "मासुगार खोलाको पुलमा रेलिङ राख्ने सम्वन्ध"मा छलफल गर्दा, मासुगार खोला पुलमा रेलिङ नहुँदा मोटरसाईकल यात्री तथा पैदल यात्रीलाई पुलमा यात्रा गर्न जोखिम भएकाले रेलिङ राख्न अति आवश्यक देखिएको हुँदा कन्टेन्जेन्सीबाट खर्च हुने गरी रु.५०,०००/- (पचास हजार) बिनियोजन गर्ने निर्णय गरियो ।

२. **नि.नं.२-** प्रस्ताव नं.२"आधारभूत स्वास्थ्य सेवा केन्द्र झ्यारिवाङमा कार्यालय सहयोगी तथा सेवा सञ्चालन प्रतिस्प्रधाबाट बनाउने सम्वन्धी" निवेदन कार्यपालिकाका बैठकमा

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

जानकारी गराईयो । साथै कार्यालय तथा सेवा सञ्चालनको लागि कार्यालय सहयोगी ज्यालादारीमा राखिएको हुँदा निवेदन उपर कारबाही नगर्ने निर्णय गरियो ।

३. **नि.नं.३-** प्रस्ताव नं.३"ठेक्का म्याद सम्वन्धमा"मा छलफल गर्दा, आ.व. २०७७/०७८ मा ठेक्का आह्वान भई सम्झौता सम्झौता गरी २०७८ आषाढ मसान्तसम्म सम्पन्न गर्ने गरी कार्यदिश दिईएका तर बिश्वभर महामारीका रुपमा फैलिएको कोभिड-१९ (नयाँ भेरियन्ट सहितको)को कारण सम्पन्न हुन नसकेका तपसिल बमोजिमका ठेक्काहरुको म्याद नियमानुसार प्रकृया पुर्‍याई आएमा मिति २०७८ पौष मसान्तसम्म थप गर्ने निर्णय गरियो।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १. | DRM/NCB/W/02/077/78 | उमागाउँ ठानागाउँ विष्टगाउँ लाकुरीकोट सडक स्तरउन्नती | Janak Construction |
| २. | DRM/NCB/W/11/077/78 | ११ के भी लाईन बिस्तार तथा ट्रान्सफर्मर जडान कार्यक्रम | Jenisha Niran Sewa & Suppliers |
| ३. | DRM/SQ/W/01/077/78 (RE) | गाउँपालिका ट्रष्ट भवन निर्माण | Durga Construction |
| ४. | DRM/NCB/W/05/077/78 (RE) | दार्मा खोला लिफ्ट खानेपानी योजना | भूमि निर्माण सेवा |

४. **नि.नं.४-** प्रस्ताव नं.४"सामुदायिक कृषि प्रसार केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ सम्वन्धमा"मा छलफल गर्दा, विधान समिति संयोजक श्री दुर्गा बहादुर मल्लज्यूले पेश गरेको सामुदायिक कृषि प्रसार केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ लाई दफावार छलफल गरी निर्णय पारित गरियो ।

५. **नि.नं.५-** प्रस्ताव नं.५"सामुदायिक कृषि प्रसार केन्द्र स्थापना सम्वन्धमा"मा छलफल गर्दा,सामुदायिक कृषि प्रसार केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

२ को दफा ४(१) बमोजिम तपसिलको स्थानहरुमा प्राथमिकताको आधारमा सामुदायिक कृषि प्रसार केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

क) दार्मा गाउँपालिका वडा नं. ४ र ६

ख) दार्मा गाउँपालिका वडा नं. १ र ५

ग) दार्मा गाउँपालिका वडा नं. २ र ३

६. **नि.नं.६-** प्रस्ताव नं.६"प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्वन्धमा"मा छलफल गर्दा, रोजगार सेवा केन्द्रको EMIS मा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकताको आधारमा मिति २०७८ साल आश्विन १ गतेदेखि काममा लगाउने निर्णय गरियो ।

७. **नि.नं.७-** प्रस्ताव नं.७ "शिक्षा समितिका निर्णय अनुमोदन सम्वन्धमा"मा छलफल गर्दा,मिति २०७८ श्रावण १४ गतेको शिक्षा समितिको बैठकका निर्णयहरु मध्ये निर्णय नं. ६ को शिक्षक व्यवस्थापन सम्वन्धमा भएको निर्णय मोहन कुमारी चन्दलाई नव सर्वसाधारण माध्यमिक विद्यालय रातामाटामा काज फिर्ता र रमेश कुमार रोकायलाई जनज्योती माद्यामिक विद्यालय फारुलाचौरमा काज ब्यवस्थापन गरी अन्य सबै निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

८. **नि.नं.८-** प्रस्ताव नं.८ "बिज्ञापन सम्वन्धमा"मा छलफल गर्दा, दार्मा गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम परियोजनामा कार्यरत पोषण स्वयंसेवक श्री पूर्ण बहादुर राणाले मिति २०७८/४/१६ गते दिएको राजिनामा स्वीकृत भई उक्त पद रिक्त रहन गएकोले वहुक्षेत्रीय पोषणण कार्यक्रम स्वीकृति बजेट खर्च सम्वन्धी निर्देशन तथा शर्तहरु, २०७८/०७९ को दफा १९ बमोजिम पोषण स्वयंसेवकको र रोजगार सेवा केन्द्रमा प्राविधिक सहायक पदमा कार्यरत कर्मचारी श्री बिजय कुमार वलीले मिति २०७८/५/१५ गतेदेखि लागू हुने गरी राजिनामा दिएकाले सो पद रिक्त रही कार्यसम्पादनमा प्रभाव पर्ने भएकाले युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १३(६)(ख) बमोजिम प्राविधिक सहायक पदको पदपूर्ति गर्न पदपूर्ति समितिलाई जिम्मा दिने निर्णय गरियो ।

९. **नि.नं.९-** प्रस्ताव नं.९"घाटा बजेटको अवस्था जानकारी गराउने सम्वन्धमा"मा छलफल गर्दा, आर्थिक बर्ष २०७८/७९ मा गत आर्थिक बर्षको अघिल्लो ल्याकत मौज्दातबाट बिनियोजन गरिएको रु १२९७२२८३ र गत आर्थिक बर्ष २०७७/०७८ को भुक्तानी दिनको वाँकी विवरण रु ३७०८२००० र छुट कच्चाबारी भुक्तानी रु ८,५०,०००।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

जम्मा गरी रु ५०९०४२८३ । भएकोमा बैंक मौज्दात रु ३००५४८९९।९८ मात्र सञ्चित कोषमा भएको हुँदा रु २,०८,४९,३८३।०२ अपुग हुने जानकारी अवगत भयो ।

१०. **नि.नं.१०-** प्रस्ताव नं.१० "मोटरसाईकल नामसारी सम्वन्धमा"मा छलफल गर्दा यस कार्यालयको नाममा रहेको रा.१ ब.९३२ नं.को सरकारी मोटरसाइकल ईलाका प्रहरी कार्यालय, फारुलाचौर, सल्यानको नाममा नामसारी गर्ने निर्णय गरियो ।

११. **नि.नं.११-** प्रस्ताव नं.११ "रकमान्तर सम्वन्धमा" मा छलफल गर्दा, तपसिल बमोजिमको पूजिगत योजन तथा कार्यक्रमबाट तपसिल बमोजिमका योजना तथा कार्यक्रम शिर्षकमा बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| स्विकृत योजना/ कार्यक्रम | योजना | रकमान्तर गरिएको बजेट |
|---|---|---|
| गगने खोरिया टाकुरी टोल हटारी बस्ने सडक निर्माण | जुगेपानी टयांकी निर्माण | ५० हजार |
| सहिद स्मृति कभर्ड हल | धागेछरी चिन्ते पोखरी लम्पाखा खानेपानी योजना वडा न ५ | १ लाख |
| बाँसखोला दमाइका खेत सिंचाई कुलो निर्माण | बाँसखोला फोहरा सिंचाई निर्माण योजना | १ लाख ५० हजार |
| दहखोला सिंचाई कुलो निर्माण | दहखोला फोहरा सिंचाई निर्माण योजना | १ लाख ५० हजार |
| चिन्नेगैरा,एक्लासल्ला सिमेइखोली सिंचाई कुलो निर्माण | चिन्नेगैरा,एक्लासल्ला सिमेइखोली फोहरा सिंचाई निर्माण | १ लाख ५० हजार |

१२. **नि.नं.१२-** प्रस्ताव नं.१२ "भुक्तानी दिन बाँकी छुट कच्चाबारी विवरण" मा छलफल गर्दा, भुक्तानी बाँकीको कच्चाबारी विवरण प्रमाणित सम्बन्धमा"मा छलफल गर्दा आ.व. २०७७।०७८ मा प्रक्षेपण गरे अनुसारको वास्तविक आय नहुनु, विश्वमहामारीको कारण उपभोक्ता समितिबाट संचालन गरिएका योजनामा निर्माण सामग्रीको अभावमा ढिलो भई समयमा भुक्तानीको लागि आवश्यक कागजात प्राप्त नभई अन्तिम चरणमा सुत्रमा प्रविष्टी गर्न नसकी भुक्तानी दिन बाँकी रहेको र मिति २०७८/ ०४/०८ गतेको कार्यपालिका बैठकबाट प्रमाणित कच्चाबारी विवरणमा छुट भुक्तानी बाँकीको कच्चाबारी तपसिल बमोजिम भएकोले प्रमाणित गर्ने निर्णय गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

१३. **नि.नं.१३-** प्रस्ताव नं.१३ "हेलिप्याड निर्माण खर्च सम्वन्धमा" मा छलफल गर्दा दार्माटाकुरीमा हेलिप्याड निर्माणको लागि आवश्यक निर्माण सामग्री खरिद गर्न रु २,५०,०००। दुई लाख पचास हजार बजेट कन्टेन्जेन्सीबाट खर्च गर्ने निर्णय गरियो ।

१४. **नि.नं.१४-** प्रस्ताव नं.१४ "छानविन समिति गठन सम्वन्धमा" मा छलफल गर्दा मिति २०७८/ ०५/०८ गते लिइएको असिस्टेन्ट सव-इन्जिनयर (स्वयंसेवक)पदको परीक्षाको प्रश्नपत्रमा शंकास्पद चिन्ह भएको भनि निवेदन दिनुको साथै केही मिडियाहरुले एकतर्फी रुपमा समाचार समेत बनाइएको हुँदा सो सम्बन्धमा छानविन गर्न तपसिल बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

दुर्गा बहादुर मल्ल :- संयोजक

जि.प्र.का./इ.प्र.का प्रतिनिधि :- सदस्य

शेरप्रसाद ढकाल :- सदस्य सचिव

१५. **नि.नं.१५-** प्रस्ताव नं.१५ "पञ्जिकरण शाखामा कर्मचारी थप्ने सम्वन्धमा" मा छलफल गर्दा, पञ्जिकरण शाखामा विविध खर्च कोष र पञ्जिकरण शाखा कार्यालय सञ्चालन खर्चबाट भुक्तानी दिने गरी दार्मा गाउँपालिका वडा नं १ बस्ने कवि देवकोटालाई दैनिक ज्याला भुक्तानी दिने गरी राख्ने निर्णय गरियो ।

१६. **नि.नं.१६-** प्रस्ताव नं.१६ "ढुंगा गिट्टी वालुवा उत्खनन् तथा निकासी सम्वन्धमा" मा छलफल गर्दा, ढुंगा बालुवा गिट्टीको ठेक्का आ व २०७४/७५ मा गरिएको **IEE** को रिपोर्ट अनुसार सिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१७. **नि.नं.१७-** प्रस्ताव नं.१७ "नवीकरणीय/वैकल्पिक उर्जा प्रविधि जडान (बायोग्यास, सुधारिएको चुलो, सौर्य उर्जा) सम्वन्धमा" मा छलफल गर्दा आ.व. २०७८/०७९ को लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रबाट यस पालिकामा प्राप्त तपसिल अनुसारका वैकल्पिक उर्जा प्रवर्धन कार्यक्रमका योजनाहरु तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो । साथै कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शनको दफा ५ बमोजिम तपसिल बमोजिमको शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | कार्यक्रम | बजेट सञ्चालन | प्रकृया |
|---|---|---|---|

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | नविकरण उर्जा प्रविधि जडान | १० लाख मात्र । | महिला सहकारी संस्थामा आबद्ध महिलाहरुको कार्यबोझ कम गर्न र स्वास्थ्यमा सुधार गर्ने उद्देश्यले १० प्रतिशत अनुदानमा बायोमास चुल्हो वितरण रु ५ लाख खर्च गर्ने निर्णय गरियो । |
| | | | सबै सामुदायिक विद्यालयहरुमा फायरबल वितरण गर्न रु.५ लाख खर्च गर्ने निर्णय गरियो । |

१८. **नि.नं.१८-** प्रस्ताव नं.१८ "जग्गा प्राप्तीको लागि सूचना प्रकाशन सम्वन्धमा"मा छलफल गर्दा ईलाका प्रहरी कार्यालय फारुलाचौर सल्यानको लागि न्यूनतम ५ रोपनी जग्गा आवश्यक भएकाले पूर्वमा दार्मा खोला सडक पुल, पश्चिममा रातामाटा बुढाकाफल दक्षिणमा दुवाङ र उत्तरमा दार्मा टाकुरी यति चार किल्ला भित्रका निशूल्क जग्गा दान गर्न ईच्छुक जग्गाधनीबाट जग्गा प्राप्तीको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१९. **नि.नं.१९-** प्रस्ताव नं.१९ "खरिद इकाई समितिको निर्णय अनुमोदन सम्बन्धमा" मा छलफल गर्दा मिति २०७८/०५/१० गतेको खर्च भएर नजाने जिन्सी सामान हस्तान्तरण सम्बन्धी निर्णय अनुमोदन गरियो ।

अमृत खड्का
निमित्त प्रमुख प्रशासकीय अधिकृत